# अर्थ मन्त्रालयको जानकारी

१. सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले २०७५ पौष २२ गते प्रतिनिधि सभालाई संबोधन गर्ने क्रममा उल्लेख गर्नु भएको केही तथ्यांकहरुको वारेमा सार्वजनिक सञ्चार माध्यम मार्फत आएका धारणा तथा टिप्पणी प्रति यस मन्त्रालयको ध्यानाकर्षण भएको छ ।यस सन्दर्भमा अर्थ मन्त्रालयसंग सम्वन्धित तथ्यांकहरुलाई थप स्पष्ट पार्दै यो जानकारी गराईएको छ ।

(क) मूल्यवृद्धिः

नेपाल राष्ट्र बैकको तथ्याक अनुसार आर्थिक वर्षको पहिलो ४ महिनामा वार्षिक विन्दुगत आधारमा मूल्य वृद्धिदर ४.२ प्रतिशत रहेकोमा पहिलो ५ महिनामा मूल्य वृद्धिदर ३.७ प्रतिशतमा झरेको छ । गत आर्थिक वर्षको पहिलो ५ महिनामा यस्तो वृद्धि ४.२ प्रतिशत रहेको थियो ।

(ख) राजस्वः

चालू आर्थिक वर्षको पहिलो ५ महिनामा राजस्व असूलीको वृद्धिदर ३२ प्रतिशत रहेको छ । साविकमा केन्द्रीय कोषमा जम्मा हुने गरेका केही करका क्षेत्र तथा कराधार (जस्तै सवारी, रजिष्ट्रेशन, घरजग्गा वहालकर) हरु प्रदेश र स्थानीय तहमा हस्तान्तरण पश्चातयो वृद्धि कायम हुन गएको छ ।

(ग) पूँजीगत खर्चः

महालेखा नियन्त्रक कार्यालयको २०७५ मंसीर सम्मको तथ्यांक अनुसार चालू आर्थिक वर्षको पहिलो ५ महिनामा कूल खर्च ७ प्रतिशतले वृद्धि भएको छ  जस मध्ये चालु खर्च १३ प्रतिशतले घटेको र पूँजीगत खर्च २५.३ प्रतिशतले वृद्धि भएको छ । कुल खर्चको वृद्धिदर कम हुनमा चालू खर्चमा गरिएको मितव्ययीता र अघिल्लो वर्षको यसै अवधिमा भएको निर्वाचन खर्च प्रमुख कारणहरु हुन्।

(घ) विप्रेषण आयः

आर्थिक तथा औद्योगिक क्रियाकलापमा क्रमशः वृद्धि हुदै गएको कारणवाट समेत वैदेशिक रोजगारीमा जानेको संख्या चालू आर्थिक वर्षको पहिलो ४ महिनामा अघिल्लो बर्षको सोही अबधिको तुलानामा ४१.२ प्रतिशतले घटेपनी सोही अवधिमा विप्रेषण आयमा ३६ प्रतिशतले वृद्धि भएको छ । प्रशासनिक नियमन तथा वैकिङ्ग च्यानलको बढदो प्रयोगको कारणले पनि यो वृद्धि कायम भएको छ ।